प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार
❖ लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
❖ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ३२१ ॥ २०७९ माघ ०३ गते मंगलबार (17th Jan 2023 Tuesday) Pratidin National Daily dN‌o-?:%÷-

# विमान दुर्घटनामा ७० शव बरामद, दुई अझै बेपत्ता



झापा(प्रस) । यति एयरलाइन्सको जहाज दुर्घटनामा ज्यान गुमाएका मृतकको शव आफन्तले बुझ्न सुरु गरेका छन् । सोमबार साँझ पोस्टमार्टम सुरु भएसँगै आफन्तले शव बुझेका हुन् । सोमबार साँझ पोखरा-१३ मियाँपाटनका सदाकत अली मियाँको शव परिवारले बुझेका छन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख अजय केसीका अनुसार हालसम्म ७० जनाको शव फेला परेको छ । दुईजना अझै बेपत्ता छन् । ती शवलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको पोस्टमार्टम वार्डमा राखिएको छ । तीमध्ये २१ जनाको पोखरामै पोस्टमार्टम हुने छ । बाँकी ४९ शव मंगलबार सेनाको हेलिकप्टरमा काठमाडौं लैजान सुरु गरिने छ । 'पहिला २४ जनाको यहीँ पोस्टमार्टम गर्ने भन्ने थियो,' उनले भने, 'तर एउटा परिवारको ४ मध्ये दुई र अर्कोको ३ मध्ये २ को पहिचान नहुँदा काठमाडौं लैजानुपर्ने भएकोले पहिचान भएको पनि काठमाडौं नै लैजान्छौं भन्नुभयो ।' मंगलबार दिनभरिमा विदेशी नागरिक, क्रु मेम्बर र पहिचान नभएका शवलाई काठमाडौं लैजाने उनले बताए । उनका अनुसार सोमबार रातिबाट स्थगित भएको बेपत्ता यात्रुको खोजी कार्य मंगलबार बिहानबाट पुनः सुरु हुने छ । दुर्घटनास्थलमा नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोली उद्धारमा खटिएको छ ।

आइतबार बिहान १०:३२ बजे त्रिभुवन विमानस्थलबाट पोखराका लागि उडेको यति एयरलाइन्सको कल साइन नाइनएन एएनसी फ्लाइट नम्बर ६९१ एटीआर-७२ जहाज करिब ११ बजेको आसपासमा पोखरा विमानस्थलबाट २ किलोमिटरको नजिकमा सेती नदीको खोंचमा दुर्घटनाग्रस्त भएको थियो । ७२ जना सवार विमानमा अहिलेसम्म ७० जनाको शव भेटिएको छ भने २ जनाको खोजी कार्य जारी रहेको छ।

# खासै लागेन कन्काई माई मेला

सुरुङ्गा(प्रस) । विगतको तुलनामा यस वर्ष कन्काई माई मेला खासै लागेन । मेला भर्नेहरुको संख्या घटेको पाइयो । कोरोना संक्रमणका कारण दुई वर्ष कन्काई माई मेला लागेको थिएन । यस वर्ष भव्य रुपमा मेला लाग्ने अपेक्षा गरिएको थियो । तर, मानिसहरु मेलाको भीडभाडमा जान अनिच्छुक देखिए । विगतका वर्षहरुमा लाखको हाराहारीमा मेला भर्नेहरुको संख्या हुने गरेको थियो । यस वर्ष ४० हजारको हाराहारीमा मेला भर्नेहरुको संख्या रहेको अनुमान गरिएको छ । विगतको तुलनामा यस वर्ष मेलामा मानिसको भीड कम देखिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी बसन्त पाठकले बताए । उनले मध्यान्हपख एकै समयमा २० हजारको हाराहारीमा मानिसको उपस्थिति देखिएको र दिनभरि जम्माजम्मी ४० हजारको हाराहारीमा मेला भर्नेको संख्या हुनसक्ने बताए । मेलाका क्रममा कुनै अप्रिय घटना नभएको उनले बताए । कन्काई पुलमा यस वर्ष मानिसको भीड देखिएन । डीएसपी पाठकका अनुसार पक्की पुलबाट मानिसहरुलाई हिड्न रोक लगाइएको थियो । उनीहरुका लागि नदी वारपार गर्न बाँसको पुल बनाइएको थियो । सुरक्षा र ट्राफिक व्यवस्था व्यवस्थित पार्न आबश्यक सुरक्षाकर्मी खटाइएको उनले बताए । यस वर्ष पुष २९ गतेदेखि माई मेला लागेको थियो । प्रत्येक वर्ष माघे संक्रान्तिका दिन शिवसताक्षी र कनकाई नगरपालिकाको बीच भएर बग्ने माई नदीको दुवैपट्टी माई मेला लाग्ने गरेको छ । माई मेलामा आएर मकर नुहाई पूजा आराधना गरेमा मनोकांक्षा पुरा हुने धार्मिक विश्वास रहेको छ । कनकाई नदीलाई भगवती माईदेवीका रुपमा मान्ने गरिएको छ । नेपाललगायत छिमेकी मुलुक भारतबाट समेत मकर स्नानका लागि त्यहाँ आउने गरेका छन् ।

हार्दिक आभार
नेपाल क्षयरोग निवारण संस्था झापा शाखाको २१ औं जिल्ला सभाबाट आठौं कार्यकालका लागि मलाई पुनः सभापति जस्तो गरिमामय पदमा निर्वाचित गराउनुहुने संस्थाका सदस्य ज्यूहरु , शुभेच्छुक मित्रहरु , शुभचिन्तकहरुप्रति हार्दिक आभार प्रकट गर्दै संस्थाको उन्नति प्रगतिका लागि सबैको साथ सहयोगमा अझ उत्कृष्ट कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।
नवनिर्वाचित सभापति : गोपालबहादुर थापा
नेपाल क्षयरोग निवारण संस्था झापा शाखा

# भाक्का खाँदै मनोरंजन लिँदै



झापा(प्रस) । भाक्का दिवसको अवसर पारेर झापाको कचनकवल १ घेरावारीको कुट्टीमा बृहत सांगीतिक एवं भाक्का कार्यक्रम सम्पन्न भएको छ ।

राजवंशी समाज विकास समिति कचनकवल १ घेरावारीको आयोजना तथा राजवंशी युवा तथा महिला समिति कचनकवल १ घेरावारीको सहआयोजनामा सो कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमका सहभागीहरुले भाक्का खाँदै सांगीतिक प्रस्तुतीको मज्जा लिएका थिए ।

कार्यक्रममा यमलाल राजवंशी ,मनोरथ राजवंशी , लोकप्रसाद राजवंशीलगायतका कलाकार हरुको प्रस्तुती रहेको थियो । त्यस्तै स्थानीय कलाकारहरुले नृत्य देखाएका थिए । आयोजक समितिका अध्यक्ष रावानन्द राजवंशीको अध्यक्षतामा भएको सो कार्यक्रमको उद्धाटन प्रमुख अतिथि कचनकवल गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीले गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष राजवंशी , उपाध्यक्ष नवराज भट्टराई , राजवंशी समाज विकास समितिका पूर्व केन्द्रीय सदस्य नारायण राजवंशी , कचनकवल गाउँ समितिका अध्यक्ष उपेन्द्र राजवंशीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा कचनकवल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हिराकुमारी यादव , वडा अध्यक्ष नूर आलम , उमाशंकर गणेश, शिक्षक मोती राजवंशी, स्थानीय समाजसेवी सत्यनारायण यादव , हरिशचन्द्र राजवंशीलगायतको उपस्थिति रहेको थियो ।

दिलकुमारी राजवंशीले स्वागत गरेको कार्यक्रमको संचालन दिलिप राजवंशीले गरेका थिए । कार्यक्रमका सहभागीहरुलाई निःशुल्क भाक्का खुवाइएको थियो । भाक्का बनाएर दिनका लागि ७ जना महिलाहरुको व्यवस्था गरिएको थियो ।पूर्वी नेपालमा रहेका राजवंशीलगायतका जातिले जातीय परिकार भाक्काको संरक्षण र प्रवर्द्धनका लागि केही वर्षदेखि पुष २९ लाई भाक्का दिवस मनाउन थालेका छन् ।

# माई मेलाबाट फर्कदा बसको ठक्कर बाट मृत्यु



झापा(प्रस) । कन्काई माई मेला भरेर फर्किदै गरेका एकजनाको बसको ठक्करबाट मृत्यु भएको छ ।

आइतवार साँझ ६.२० बजे कन्काई नगरपालिका ३ स्थित पवित्रा पेट्रोल पम्पनजिक बसले ठक्कर दिँदा पैदलयात्री कन्काई ७ का ४४ वर्षिय केशव नेपालको मृत्यु भएको हो । पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको प्रदेश १-०१-००१ख३४२० नं को बसले नेपाललाई ठक्कर दिएको थियो । घाइते नेपाललाई उपचार का लागि बिर्तामोडको बीएण्डसी हस्पिटल ल्याउँदा ल्याउँदै बाटैमा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । दुर्घटनापछि बस र बस चालकलाई नियन्त्रणमा लिइएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका इन्स्पेक्टर अशोक जवेगुले जानकारी दिए ।

हार्दिक बधाई तथा शुभकामना
यस मैनाचुली ह्यूमपाईप उद्योगका प्रवन्ध निर्देशक गोपालबहादुर थापा नेपाल क्षयरोग निवारण संस्था झापा शाखाको २१ औं जिल्ला सभाबाट आठौं कार्यकालका लागि सभापति जस्तो गरिमामय पदमा पुनः निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँलगायत सम्पूर्ण निर्वाचित टिमलाई सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मैनाचुली ह्यूमपाईप उद्योग परिवार
भद्रपुर (देउनिया), झापा

हार्दिक बधाई तथा शुभकामना
यस सहकारी संस्थाका अध्यक्ष गोपालबहादुर थापा नेपाल क्षयरोग निवारण संस्था झापा शाखाको २१ औं जिल्ला सभाबाट आठौं कार्यकालका लागि सभापति जस्तो गरिमामय पदमा पुनः निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँलगायत सम्पूर्ण निर्वाचित टिमलाई सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
स्वर्गद्वारी कृषि सहकारी संस्था लि. परिवार
भद्रपुर , झापा

# कन्काई भलिवल कपको तेस्रो संस्करण आजदेखि

झापा(प्रस) । सुरुङ्गा जेसीजको आयोजनामा कन्काई भलिवल कपको तेस्रो संस्करण आज माघ ३ गतेदेखि हुने भएको छ ।

सन् २०१९ देखि सुरुङ्गा जेसीजले लगातार गर्दै आएको प्रदेश १ स्तरीय अन्तरपालिका पुरुष फुटबल प्रतियोगिताको तेस्रो संस्करण यस वर्ष माघ ३ देखि ७ गतेसम्म संचालन गरिने भएको हो । सुरुङ्गा जेसीजले पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारीबारे जानकारी दिएको छ ।

कन्काई माविको खेलमैदानमा हुने प्रतियोगितामा तीन जिल्लाका ८ टीमले भाग लिने भएका छन् । झापा जिल्लाको झापा गाउँपालिका ,बुद्धशान्ति गाउँपालिका , भद्रपुर नगरपालिका , गौरादह नगरपालिका , शिवसताक्षी नगरपालिका , दमक नगरपालिका , इलामको चुलाचुली गाउँपालिका र मोरङको बेलवारी नगरपालिकाले भाग लिने सुरुङ्गा जेसीजका महासचिव राजु पाठकले बताए । नकआउट आधारमा खेलाइने प्रतियोगितामा प्रथम हुने टीमले १ लाख १ हजार १११ , द्वितीय हुने टीमले ६१ हजार १११ र तृतीय हुने टीमले २५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तै बेष्ट स्पाइकर , बेष्ट ब्लकर , बेष्ट डिफेन्स र बेष्ट क्वीकरलाई ५१ सय नगद पुरस्कार र ट्रफीको व्यवस्था गरिएको उनले जानकारी दिए । त्यस्तै म्यान अफ द सिरिजलाई २४ इन्चको रंगीन टीभी पुरस्कार प्रदान गरिने महासचिव पाठकले बताए । प्रथम पुरस्कार विकास- अनु प्रसाई, द्वितीय पुरस्कार युवा पर्यटन व्यवसायी वीरेन्द्र मैनाली र तृतीय पुरस्कार आइएमई लाइफ इन्सुरेन्सले प्रायोजन गर्ने भएका छन् । त्यस्तै नेपाल बहुउद्देश्यीय सहकारी संस्था मुख्य प्रायोजक रहेको प्रतियोगिताका लागि ओसियन एजुकेशन एण्ड भिसा सर्भिसेजले पनि प्रायोजन गरेको महासचिव पाठकले बताए ।



कन्काई नगरपालिकाबाट विशेष सहयोग प्राप्त भएको प्रतियोगिताका लागि झापा गाउँपालिका , हल्दिवारी गाउँपालिका,शिवसताक्षी नगरपालिका , बिर्तामोड नगरपालिका , अर्जुनधारा नगरपालिका , भद्रपुर नगरपालिकाले पनि सहयोग गरेको उनले बताए । प्रतियोगिता सम्पन्न गराउन १२ लाख ३६ हजार रुपैयाँ खर्च हुने पाठकको भनाई छ ।

युवाहरुमा लागूऔषध दुर्व्यसन , बेरोजगारीजस्ता समस्या बढिरहेका बेला खेलको माध्यमबाट व्यक्तित्व विकास गर्ने उद्धेश्यले नियमित रुपमा सो प्रतियोगिता आयोजना गर्दै आएको सुरुङ्गा जेसीजकी अध्यक्ष सुष्मा उप्रेतीले बताइन् । उनले सुरुङ्गा जेसीजको पहिचान र महत्वलाई आत्मसात् गर्न पनि प्रतियोगिता आयोजना गरिएको जानकारी दिइन् । विगतका वर्षको तुलनामा पुरस्कार राशि बृद्धि गर्दै लगिएको बताउँदै उनले आगामी दिनमा प्रतियोगितालाई अझ प्रभावकारी बनाउने प्रतिवद्धता जनाइन् ।

एउटा पालिकाले ४ जनासम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी खेलाउन पाउने प्रतियोगितामा प्रावधान राखिएको छ । सोही अनुरुप दमकले बंगलादेश , चुलाचुलीले पाकिस्तान तथा बुद्धशान्ति र गौरादहले दक्षिण भारतका खेलाडीलाई आ-आफ्नो टीममा सहभागी गराउने भएका छन् । घरेलु कन्काई नगरपालिकाले बाहिरको खेलाडी नपाएपछि यस वर्ष प्रतियोगितामा भाग नलिने भएको कन्काई खेल विकास समितिका अध्यक्ष जवीन तिम्सिनाले बताए ।

उनले गत वर्ष राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी ल्याउन नसक्दा कन्काईले लज्जास्पद हार ब्यहोरेको स्मरण गरे ।

कार्यक्रममा सहभागी सुरुङ्गा जेसीजका पूर्व अध्यक्ष कुमारमणि पोखरेलले सुरुङ्गा जेसीजले आयोजना गरेको प्रतियोगितामा स्थानीय क्लबको सहभागिता अनिवार्य गरिनुपर्नेमा जोड दिए । कार्यक्रममा पूर्व अध्यक्षहरु शिव कँडेल, कमल कट्टेल , खेलकुद संयोजक प्रतापबाबु जमरकट्टेल , प्रकरण निर्देशक राज कट्टेलको सहभागिता रहेको थियो । प्रतियोगिताको उद्घाटन खेल माघ ३ गते भद्रपुर र डिफेन्डिङ च्याम्पियन दमक नगरपालिकाबीच हुने भएको छ । गत वर्ष दमकले उपाधि जितेको थियो ।

# सतासीधाममा एकदिने स्वास्थ्य शिविर

झापा(प्रस) । नेपाल रेडक्रस सोसाइटी शिवसताक्षी उपशाखाले मकर संक्रान्तिको अवसर पारेर सतासीधाममा एकदिने स्वास्थ्य परीक्षण शिविर सम्पन्न गरेको छ ।

सतासीधामका ज्येष्ठ नागरिक तथा मकर नुहाउने भक्तजनहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै एकदिने स्वास्थ्य परीक्षण शिविरसंगै नि:शुल्क औषधि वितरण गरिएको आयोजकले जनाएको छ । बिर्तामोडस्थित लाइफ कोयस्टको प्राविधिक सहयोगमा




सम्पन्न कार्यक्रममा १५६ जनाले प्रेसर, ४६ जनाले सुगर नि:शुल्क परीक्षण गराएका थिए । त्यस्तै २९ जना बिरामीहरुलाई विभिन्न रोगको औषधि नि:शुल्क वितरण गरिएको थियो ।

पबित्र तीर्थस्थल सतासीधाममा शिविर संचालन गरेकोमा सताक्षीधाम समितिले नेपाल रेडक्रस सोसाइटी शिवसताक्षी उपशाखालाई धन्यवाद दिँदै सम्मान गरेको छ । धामका सचिव कालिप्रसाद रिजालले धन्यवाद ज्ञापन गरेका थिए भने उपाध्यक्ष उदय प्रकाश राईले सम्मान गरेका थिए ।

अध्यक्ष तुलाराम बोखिमले धामलाई कार्यक्रम स्थल बनाएकोमा खुशी व्यक्त गरेका थिए । कार्यक्रमको संयोजन उपशाखाका सचिव होमप्रसाद राजवंशीले गरेका थिए भने सहजीकरण सभापति गोबिन्द काफ्लेले गरेका थिए ।

# नर्मल बान्तवा स्मृति कप माघ ७ देखि

भद्रपुर(प्रस)।झापाका चर्चित फुटबल खेलाडी स्वर्गीय निर्मल बान्तवाको स्मृतिमा भद्रपुरमा जिल्लास्तरीय फुटबल प्रतियोगिता माघ ७ गतेबाट सञ्चालन हुने भएको छ ।

कलवलगुरी समाजको आयोजनामा भद्रपुर १० स्थित केन्द्रमोडको कलवलगुरी खेलमैदानमा प्रतियोगिता सञ्चालन हुने भएको हो ।

आयोजक समितिले पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारीबारे जानकारी दिँदै माघ १४ गते समापन हुने प्रतियोगितामा झापाका ८ वटा टीमले भाग लिने बताएको छ ।




आयोजक समितिका अध्यक्ष बाबुराम पराजुलीका अनुसार प्रतियोगिता सम्पन्न गर्न ७ लाख २६ हजार रुपैयाँ खर्च हुने छ । जसमा प्रथम हुने टिमले ट्रफीसहित नगद १ लाख ५१ हजार, दोस्रो हुनेले ७५ हजार पुरस्कार पाउने छन् ।

आर्थिक स्रोत बान्तवा परिवार तथा खेलप्रेमीहरुबाट संकलन गरिने छ । नेपाली फुटबलका खेलाडी तथा प्रशिक्षक बान्तवाको २०७१ भाद्रमा निधन भएको थियो । निर्मल बान्तवा स्मृति फुटबल प्रतियोगिता नाम दिएको यस प्रतियोगिता पहिलो पटक आयोजना गरिएको हो । खेलाडीप्रतिको सम्मान कायम राख्न तथा खेल सफल पार्न भद्रपुरका सबै बासिन्दाको साथ अपरिहार्य रहेको बान्तवा परिवारका अभिभावक निसान्त बान्तवाले बताए ।


## हाम्रो शिखर कृषि सहकारी संस्था लि.को

## निर्वाचन कार्यक्रम सम्बन्धी अत्यन्त जरुरी सूचना

संस्थाको विनियम २०६४ को परिच्छेद-५ , दफा ३६ को संशोधित विनियम २०७९ अनुसार अध्यक्ष-१ , उपाध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष-१ र ३३ प्रतिशत महिला सदस्यसहित सदस्य ५ गरी जम्मा ९ जनाको संचालक समिति र विनियमको दफा ३४ अनुसार लेखा सुपरीवेक्षण समितिमा संयोजक-१ , सदस्य-२ गरी जम्मा ३ जनाको लेखा सुपरीवेक्षण समिति आगामी ४ वर्ष कार्यकालका लागि स्वच्छ , निष्पक्ष , विवादरहित , पारदर्शी एवम् प्रजातान्त्रिक ढंगले निर्वाचन कार्यक्रम सम्पन्न गर्नुपर्ने भएको हुनाले सम्पूर्ण शेयर सदस्यहरुका लागि यो निर्वाचन कार्यक्रम सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

निर्वाचन कार्यक्रम

| क्र.स. | विवरण | मिति | देखि | सम्म | स्थान |
|---|---|---|---|---|---|
| १. | नामावली प्रकाशन | ०७९/१०/१५ | बिहान १० बजेदेखि | दिउँसा ४ बजेसम्म | संस्थाको कार्यालय |
| २. | नामावली उपर दावी विरोध | ०७९/१०/१७ | बिहान १० बजेदेखि | दिउँसो २ बजेसम्म | संस्थाको कार्यालय |
| ३. | अन्तिम नामावली प्रकाशन | ०७९/१०/१७ | दिउँसो ३ बजेदेखि | दिउँसो ४ बजेसम्म | संस्थाको कार्यालय |
| ४. | उम्मेदवारको मनोनयन दर्ता | ०७९/१०/१८ | बिहान १० बजेदेखि | दिउँसो ४ बजेसम्म | संस्थाको कार्यालय |
| ५. | उम्मेदवारको नामावली प्रकाशन | ०७९/१०/१९ | | दिउँसो ४:३० बजेसम्म | संस्थाको कार्यालय |
| ६. | उम्मेदवारउपर दावी विरोध | ०७९/१०/२० | बिहान १० बजेदेखि | दिउँसो २ बजेसम्म | संस्थाको कार्यालय |
| ७. | दावी विरोधपछि नामावली प्रकाशन | ०७९/१०/२० | दिउँसो ३ बजेदेखि | दिउँसो ४ बजेसम्म | संस्थाको कार्यालय |
| ८. | दावी विरोधपछि पुन: नामावली प्रकाशन | ०७९/१०/२० | दिउँसो ४:३० बजेदेखि | बेलुका ५ बजेसम्म | संस्थाको कार्यालय |
| ९. | उम्मेदवारको मनोनयन फिर्ता | ०७९/१०/२२ | बिहान १० बजेदेखि | दिउँसो ३ बजेसम्म | संस्थाको कार्यालय |
| १०. | अन्तिम नामावली प्रकाशन | ०७९/१०/२२ | दिउँसो ३ बजेदेखि | दिउँसो ४बजेसम्म | संस्थाको कार्यालय |

११.मतदान – २०७९/१०/२९ गते समय साधारणसभापछि
१२.मतगणना – पछि सूचना प्रकाशित गरिने
१३. परिणाम घोषणा – पछि सूचना प्रकाशित गरिने
१४. स्थान– हाम्रो शिखर कृषि सहकारी संस्था लि. , बिर्तामोड-८ को कार्यालय

निर्वाचन समिति
हाम्रो शिखर कृषि सहकारी संस्था लि.
बिर्तामोड-८ , झापा



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।





## VACANCY

Application are invited from intrested, experienced qualified and dynamic candidates for the following posts.

| S.No. | Post | Level | No. | No. |
|---|---|---|---|---|
| 1 | Mathematics Teacher | Lower Secondary | Bacherlos degree with 3 yrs Exp. | 1 |
| 2 | ECA Incharge | | Bacherlos degree with 3 yrs Exp. | 1 |
| 3 | Hostel Warden (Male) Married Preferable | | +2 & above with 3 yrs exp. in related field. | 1 |
| 4 | Hostel Warden (Female) Married Preferable | | +2 & above with 3 yrs exp. in related field. | 1 |
| 5 | Pre-primary Incharge | | Bacherlos degree with 3 yrs Exp. in related field | 1 |

**Basic requirements:** Good Command over both written & Spoken English.

Interested candidates are requested to personally drop their application and testimonials to the school office by 29th poush 2079 during school hour.

Note: Only short listed candidates will be called for interview.

**Balmiki Education Foundation**
Birtamode-1, Jhapa
Ph: 023-542820/ 023-540195/ 9804952506



## गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , म:म , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्





गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२
Free WiFi


## बिर्तामोड नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

### इन्टरनेट केवल तथा टि.भी केवल तार व्यवस्थापन सम्बन्धी सार्वजनीक सूचना

यस बिर्तामोड नगरपालिका अर्न्तगतका नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले बिस्तार गरेका बिजुलीका पोल तथा टेलिकमका पोलहरुमा विभिन्न इन्टरनेट केवल तथा टि.भि केवलले जथाभावि रुपमा केवल तारहरु झुन्ड्याई नगरको सौंर्दयतालाई समेत असर पार्ने गरी राखिएको पाइएकाले अब उप्रान्त उक्त कार्य रोकी निम्न बमोजिम गर्न गराउनु हुन भनि यस अगावै सेवा प्रदायक संस्थाहरुलाई लेखि पठाइएकोमा हाल सम्म पनि उक्त कार्य नभएको पाईएकोले आजका मितिले ३५ दिन भित्रमा निम्नानुसारको कार्य गर्न/गराउनु हुन जानकारी गराईन्छ । साथै उक्त अवधिमा सो कार्य नभएको पाईएमा नगरपालिकाले कानून बमोजिम कार्वाहि गर्ने समेतको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न:-
१. आफ्नो केवलको पहिचान हुने गरि लेवल (ट्याग) लगाउने ।
२. इनएक्टीभ तार सबै हटाउने ।
३. कानून बमोजिम रजिष्ट्रेसन नभएका केवलहरुले रजिष्ट्रेसन गर्ने ।
४. सम्झौता नभएका संस्थाले सम्बन्धित पक्षसँग सम्झौता गरि पेश गर्ने ।

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सामूहिक दायित्व

**नेपालको हवाई उड्डयन इतिहासमा आइतबार पोखराको दुर्घटनासहित हवाई दुर्घटनाको संख्या १०४ पुगेको छ । २०१२ वैशाखमा पहिलोपटक सिमरामा भारतको कलिंगा एयर दुर्घटना भएको थियो । उक्त दुर्घटनामा २ जनाको मृत्यु भएको थियो ।**

**नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार व्यवसायिक आन्तरिक उडानतर्फ पोखरामा आइतबार भएको यो ५० औं दुर्घटना हो । त्यस्तै नेपालमा हालसम्म एक इन्जिनयुक्त आठ वटा दुर्घटना भएका छन् भने हेलिकप्टरतर्फ ३६ र विदेशी १० वटा वायुसेवासमेत गरी नेपालमा हालसम्म १ सय ४ वटा दुर्घटना भइसकेका छन् ।यी दुर्घटनामा अहिलेसम्म साढे ८ सयभन्दा बढी मानिसको मृत्यु भइसकेको छ । आइतबारको पोखारा दुर्घटनाबाहेक हालसम्म यी हवाई दुर्घटनामा ८ सय ४९ को मृत्यु भइसकेको छ ।**

**जसमा आन्तरिकतर्फ ३ सय ६४, सिंगल इन्जिन भएका विमान दुर्घटनामा २५, हेलिकप्टरतर्फ ८५ र विदेशी वायुसेवातर्फ ३ सय ७५ गरी गरी जम्मा ८ सय ४९ को मृत्यु भइसकेको छ ।**

**आइतबार पोखराका लागि चार चालक दल र ६८ जना यात्रु बोकेर काठमाडौंबाट उडेको यति एयरको एटीआर विमान घटना यति समूहको २४ वर्षयता भएको १४ औं हवाई दुर्घटना हो ।**

**यसअघि गत जेठमा जोमसोमका लागि १९ जना यात्रु बोकेर पोखराबाट उडेको तारा एयरको ट्विनअटर विमान दुर्घटनाग्रस्त भएको थियो ।**

**यी हवाई दुर्घटनाहरूले आम नेपालीमा हवाई यात्राको सुरक्षालाई लिएर चासो र चिन्ता बढिरहेको छ । यात्रुहरूसँगै चालक दलका सदस्यहरूले पनि हवाई दुर्घटनामा जसरी ज्यान गुमाउनु परिरहेको छ, यसबाट नेपाली आकाशमा उडान भर्ने चालक दल पनि सशंकित नभइरहेका होलान् भन्न सकिन्न ।**

**नेपाली उड्डयन उद्योगलाई बढ्दो हवाई दुर्घटना कम गर्न यस क्षेत्रमा आबद्ध सबै सरोकारवाला विज्ञ, विद्वान, चिन्तक एवं हवाइकर्मीहरूको सामूहिक दायित्व रहेको छ । आ–आफ्नो स्तरबाट सुधारका लागि आवश्यक पहल गर्नुपर्ने हुन्छ । उडानका क्रममा भइरहेका भुलचुक तथा कमी–कमजोरीलाई पहिचान तथा सम्बोधन गरी उडान सुरक्षामा खलल पार्ने कुनै पनि स्थिति/परिस्थितिसँग सम्झौता नगर्ने अठोट गर्न सके दुर्घटनालाई रोक्न तथा न्युन गर्न सकिन्छ ।**


Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# राजनीतिमा बढेको संशय



• तीर्थ भट्टराई



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधि सभाबाट पनि प्रचण्ड विश्वासको मत प्राप्त गर्नुभएपछि नेपाली राजनीतिमा नयाँ प्रश्नहरू उठेका छन् । ती प्रश्नहरू हुन् , प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले नेकपा ( एमाले ) र नेकपा ( माओवादी केन्द्र ) को सात दलीय गठबन्धनको सरकारलाई विश्वासको मत दिनु हुन्थ्यो कि हुँदैनथ्यो ? र विश्वासको मत दिएपछि कांग्रेसलाई फाइदा बेफाइदा के होला, र यसले सातदलीय गठबन्धनमा कस्तो असर पार्ला ? पहिलो प्रश्नमा विचार गर्दा संसदीय प्रजातन्त्रमा प्रमुख प्रतिपक्षको भूमिका एकदमै महत्वपूर्ण हुन्छ । प्रतिस्पर्धात्मक संसदीय व्यवस्थामा कम्तीमा पनि दुई दल हुन्छन् र एउटा दलले पचास प्रतिशतभन्दा बढी मत प्राप्त गरेमा पचास प्रतिशतभन्दा कम मत प्राप्त गर्ने दल विपक्षी दल हुन्छ । यदि प्रतिपक्षमा एकभन्दा बढी दल भएमा सत्ता पक्षभन्दा दोस्रो मत प्राप्त गर्ने दल प्रमुख प्रतिपक्ष हुन्छ । संसदीय प्रजातन्त्रमा प्रमुख प्रतिपक्षलाई संस्थागत गरिएको हुन्छ र विशेष अधिकार र सुविधासमेत प्रदान गरिएको हुन्छ । प्रजातन्त्रमा शक्ति सन्तुलनका लागि यसको अनिवार्य आवश्यकता ठानिएको हुन्छ ।

तर हालै भएको प्रधानमन्त्री ' प्रचण्ड ' द्वारा विश्वासको मत लिने संसद्को मतदानमा उहाँले संसद्मा उपस्थित सदस्य संख्या २७० मध्ये २६८ मत प्राप्त गरी संसदीय इतिहासमै नयाँ परिणाम निकाल्नु भएको छ । केवल दुई सांसद मात्र उहाँको विपक्षमा उभिनु उभिए । संसद्को २७५ सदस्यमा पाँच जना अनुपस्थित थिए । प्रचण्डलाई प्रचण्ड बहुमत कसले दियो त ? राष्ट्रपतिसमक्ष बहुमतको दाबी पेस गर्दा उहाँसँग समर्थन गर्ने सांसदको संख्या १६९ थियो । यो संख्या नै सरकार बनाउन चाहिने संख्या १३८ भन्दा धेरै बढी थियो । यत्रो बहुमत थपिदिने दल कांग्रेस निस्कियो जुन दलले प्रचण्डलाई पहिलो पालोमा प्रधानमन्त्री दिन अस्वीकार गर्दा नै १५ वर्ष चल्ने भनिएको गठबन्धन केही घण्टामै अस्तित्वविहीन हुन पुगेको थियो । यसरी केही दिन अगाडिसम्म प्रचण्डलाई सत्ता दिन नचाहने कांग्रेस यसबीच किन यत्रो मत खन्याउन बाध्य भयो त ? नेकपा ( माओवादी केन्द्र ) का अध्यक्ष प्रचण्ड बिच्किएर नेकपा ( एमाले ) को समर्थन लिन पुगेपछि सबैभन्दा झसङ्ग नेपाली कांग्रेस नै भएको थियो । उहाँ बिच्किनुको अर्थ हुन्थ्यो कांग्रेसको हातबाट सत्ता सम्पूर्ण रूपमै गुम्नु , जुन अवस्था नेकपा ( एमाले ) को हुन्छ भन्ने ठानिएको थियो त्यो अवस्था कांग्रेसको भयो । यसमा नेतृत्वको असावधानी वा दम्भले पनि काम गरेको हुन सक्छ । यी घटनामा युवा र जागरुक नेतृत्व भनिएका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पनि रनभुल्लमै परेको अवस्था देखियो र उहाँहरूले पनि पार्टीलाई बचाउन सक्ने अवस्था देखिएन । यस्तो अवस्थामा अध्यक्ष देउवा र उहाँको निकटस्थ समूहको आलोचना बढी भए पनि महामन्त्रीद्वय पनि आलोचनाबाट अछुतो रहन सकेनन् र यसमा पार्टीभित्रै आरोप प्रत्यारोपको अवस्था सिर्जना भयो ।

तर पार्टीभित्र सबल अवस्थामा रहनु भएका देउवालाई सानोतिनो आलोचनाले विचलित हुने अवस्था भने थिएन । त्यसैले पार्टीभित्र राजीनामाको आवाज उठे पनि त्यो उत्कर्षमा पुगेन । फलत : उहाँको नेतृत्व चुनौतीविहीन बन्न पुग्यो । यसबीचमा आरोप प्रत्यारोपमा उत्रिनुभन्दा परिस्थितिको सही विश्लेषण गरी विगतका कमीकमजोरीलाई सुधार्नु नै कांग्रेसका लागि उपयुक्त हुन्थ्यो र नेपाली कांग्रेसले सोही गर्न खोजेको देखिन्छ । यसबीच , कांग्रेसका नेता रामचन्द्र पौडेलले कांग्रेसको गठबन्धन ' हाइज्याक ' भयो त्यसलाई सही ठाउँमा ल्याउनुपर्छ भन्नुले पनि कांग्रेसले गल्ती सुधार गर्न चाहेको देखिन्छ । अब नेकपा ( एमाले ) को सातदलीय गठबन्धनमा गइसकेको माओवादी केन्द्रलाई कसरी फिर्ता ल्याउने त ? त्यो त हाललाई सम्भव छैन । त्यसैले दीर्घकालीन फाइदाका लागि कांग्रेसले राष्ट्रपति निर्वाचन , सभामुख , उपसभामुखको निर्वाचनलाई ध्यानमा राखी प्रधानमन्त्रीलाई नचाहिएको बहुमत दिएको बुझ्न सकिन्छ भने केही नेताहरूले त हाकाहाकी नै सो कुरा व्यक्त गर्दै आउनुभएको छ ।

प्रधानमन्त्री प्रचण्डलाई मत दिनु उचित नहुने बताउनु हुने महामन्त्रीद्वय , नेता डा. शेखर कोइराला , सांसद प्रदीप पौडेल पनि पार्टी निर्णय भएकाले बाध्यतावश मत दिनुपरेको भन्दै आउनु भएको छ । कांग्रेसको यो निर्णयले सो पार्टी धेरै अलमलमा भएको, तैपनि केही फाइदा भइहाल्छ कि भन्ने सोचाइमा पुगेको बुझ्न सकिन्छ । तर सो कदमले कांग्रेसमाथि दीर्घकालीन रूपमा माथि उल्लेख गरिएका प्रश्न उठ्ने नै भएको छ । संसदीय प्रजातन्त्रको मर्यादाविपरीत संसदमा प्रमुख प्रतिपक्ष नै नरहने गरी कांग्रेसले किन यस्तो कदम चाल्यो ? सम्पूर्ण राजनीतिक मात्र होइन , कानुनी र अन्य सम्पूर्ण बौद्धिक जगत् नै आश्चर्यचकित भएको छ । कांग्रेसको कदमले सो दल पनि वैधानिक रूपमा सत्ता पक्ष भएको छ तर उसले सरकारमा नजाने र प्रतिपक्षको भूमिका पनि खेल्ने भनेको छ । यो कुरा सँगसँगै जान कसरी सम्भव होला ? संवैधानिक परिषदमा प्रमुख प्रतिपक्षका नेताको रूपमा कसले प्रतिनिधित्व गर्ला ? कांग्रेसका सभापति देउवाले सो पदमा रहन पाउनु होला वा नहोला, प्रमुख प्रतिपक्षको नेताको रूपमा पाउने अधिकार र सुविधा पाउनु होला वा नहोला ? यस्ता धेरै प्रश्न उब्जिएका छन् ।

कांग्रेसले प्रधानमन्त्रीलाई मत दिएपछि आश्चर्यचकित हुनु भएका नेकपा ( एमाले ) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो संशय व्यक्त गरिसक्नु भएको छ । कांग्रेसले सदाशयतापूर्वक मत दिएको भए त ठिकै छ तर निहित स्वार्थको उद्देश्यले जाल फालेको हो भने त्यसमा माछा पर्नेवाला छैन भनेर भनिसक्नु भएको छ । अप्रत्यासित बहुमत पाएर प्रधानमन्त्री प्रचण्ड गद्गद् हुनुभएको छ तर नयाँ संसदमा शङ्काको विजारोपण भएको सन्दर्भमा उहाँले कसरी सरकारका कामकारबाही अघि बढाउनु हुन्छ त्यो भने आगामी दिनले बताउनेछ । नयाँ सत्ता गठबन्धन बन्दाका सर्त र प्रतिबद्धता पालना गर्नु गराउनु उहाँको कर्तव्य हुनेछ । अब धोकाको राजनीति धेरै दिन टिक्न सक्दैन । दलहरूले अविश्वासको राजनीति छोडी विश्वास जगाउनुपर्ने बेला भएको छ । किनकि निषेधको राजनीति हाबी हुँदा बहुमत ल्याउने दाबी गरेको एमाले दोस्रो दलमा सीमित हुन पुगेको छ । त्यसैले अब दलले धोकाधडी छाडी सिद्धान्त र निष्ठाको राजनीति गरी आ-आफ्नो छवि सुधार्नु पर्ने बेला आएको छ । कांग्रेसले सदाशयपूर्वक सरकारलाई मत दिएको हो भने सोहीअनुसारको व्यवहार देखाउनुपर्छ र सहकार्य गर्नुपर्छ ।

# विचार, नीति र पार्टी



• मोहन नेपाली

' तिमी जे सोच्छौ तिमी त्यही बन्छौ ' ( साभारः धम्मपद ) । बुद्धको यो वाणीबाट प्रस्टै थाहा हुन्छ कि विचार मानव जीवनको असाधारण शक्ति हो र नियत नै नियतिको जननी हो । हामी यत्रो सूचना तथा सञ्चार प्रविधि-जडित विश्वग्रामका नागरिक बनिरहँदा पनि वैचारिक खडेरीबाट गुज्रिरहेका छौँ , किनभने हामी बत्तीकै वरिपरि घुमेर सकिने पुतलीजस्ता भएका छौँ , सतही छौँ र बढी प्रतिक्रियात्मक छौँ । आजभन्दा २५०० वर्षअघि नै बुद्धले मानव जातिको नैतिक तथा मानसिक रूपान्तरणको जन्ड अभियान सुरु गरिसकेका थिए । सो अभियान एकातिर आध्यात्मिक हुँदाहुँदै पनि अर्कोतिर मानवजतिको भौतिक जीवन सुखमय बनाउन पनि कामयावी थियो । वास्तवमा , मानवको नैतिक तथा मानसिक रूपान्तरणबाट नै श्रेष्ठ विचार पैदा हुन्छ , जसले जीवन र जगत्का गतिविधि तर्कसङ्गत ढङ्गले सञ्चालन गर्न दिशाबोध समेत गर्छ । परिवर्तन वा सुधार मानवको प्रकृति हो । त्यसैले, यहाँको समसामयिक राजनीतिमा देखापरेका जटिल परिस्थितिलाई चिर्दै अगाडि बढ्न वैचारिक पुष्टता खोजिनु जायज ठहर्छ । तर , यहाँ कुनै वादको प्रसङ्ग उठाइएको होइन । जीवन र जगतका सबै पाटामा विचारले फलदायी भूमिका खेलिरहेको हुन्छ । यस सिलसिलामा , मानव जीवनमा विचार कति निर्णायक हुन्छ भन्ने दर्शाउँदै ̋ विचार विज्ञान  भन्ने आफ्नो पुस्तकमा स्वामी खप्तड बाबा लेख्छन्ः आफ्नो मनमा उत्तम विचारलाई स्थान देऊ किनभने ती विचार शीघ्र नै तिम्रा बाह्य जीवनको उत्तम अवस्थाका रूपमा प्रकट हुनेछन् ।

यस्तै, प्रसिद्ध अमेरिकी उपन्यासकार सू ग्र्याफ्टनको भनाइ छ, 'विचारलाई कहिल्यै कम नआँक्नु, यो आविष्कारतर्फको सबैभन्दा ठूलो मार्ग हो ।' वास्तवमा, विचारले नै पार्टी सङ्गठनको आविष्कार भएको हो । विचारले नै पार्टी चलाउँछ । पार्टी राजनीतिको मूल शक्ति भनेकै विचार हो । एउटा निश्चित वैज्ञानिक र गतिशील वैचारिक धरातलमा उभिएर राजनीतिक अभ्यास गर्ने पार्टीको मुख्य पहिचान पनि त्यसले बोकेको वैचारिक पक्ष नै हुने गर्छ । कुनै निश्चित विचारमा टेकेरै पार्टी संगठित हुने गर्छ र समर्थन बटुल्ने गर्छ । यसको मतलब पार्टी अपरिमार्जित र संकीर्ण विचारमा अडिग रहनुपर्छ भन्ने होइन । पार्टी जमेको पोखरीजस्तो पटक्कै हुनुहुन्न । पार्टीको विचारले जनतालाई निरन्तर सकारात्मक दिशातिर परिचालित गरिरहनु पर्छ, अग्रगति प्रदान गर्नुपर्छ । लोकतान्त्रिक पार्टीले निश्चय नै गतिशील विचारलाई अँगाल्नु अनिवार्य हुन्छ । पार्टीको नेतृत्व गतिशील र सिर्जनात्मक हुनुपर्छ भन्नुको मतलब यही हो कि प्रकृति र समाजमा आउने परिवर्तनलाई भौतिक समृद्धि मात्रै होइन स्वस्थ र दिगो समाज निर्माणका खातिर नैतिक र मनोवैज्ञानिक गुणस्तर बढाउने सबाललाई पनि बुद्धिमत्तापूर्वक सम्बोधन गर्नु आवश्यक हुन्छ ।

विचारले नीति उत्पादन गर्छ र नीतिले कार्ययोजनाको निर्धारण गर्छ । विचारले पार्टी र जनतालाई पथप्रदर्शन गर्छ र वैज्ञानिक नीति निर्माणमा अन्तर्दृष्टि प्रदान गर्छ । जनतामाझ विचार र नीति स्थापित गराउन सक्नेहरू नै पार्टीका नेताका रूपमा चिनिन्छन् । सामान्यतः विचारबिनाको राजनीतिक पार्टीको कल्पना गरिन्न । किनभने मानव स्वयं नै वैचारिक एवं तर्कशील प्राणी हो । विचारशक्ति नै मानवको प्रमुख विशेषता हो, जसले मानवलाई आध्यात्मिक स्तरको निर्विचारतिर समेत जान सघाउँछ । भौतिक दुनियाँमा विचारविहीन मानवको कल्पना गर्न सकिन्न । विचार बीज हो, जसबाट फल लाग्छ । राम्रो विचार मनमा फलाउँदा राम्रो फल मिल्छ भने नराम्रो विचार मनमा फलाउँदा नराम्रो परिणाम मिल्छ । त्यसैले त बुद्धले सम्यक दृष्टि र सम्यक विचारलाई जोड दिएका हुन् । राजनीतिक पार्टीको हकमा पनि यो साँचो हो । सही विचारलाई इमानदारी र अदम्य इच्छाशक्तिका साथ कार्यान्वयन गर्दा सफलता मिल्छ । तर विचार सही बोकेर पनि त्यसलाई कार्यान्वयन गर्ने क्रममा मानसिकता गलत दिशातिर वा क्षणिक स्वार्थतिर मोडियो भने परिणाम उल्टो आउँछ । यसप्रति पूर्वसजगता आवश्यक पर्छ ।

विचारको सुरुवात व्यक्तिबाट हुन्छ तर त्यो समाजका धरातलीय यथार्थबाट हुर्किएको हुन्छ । व्यक्तिले विचार प्रकट गर्छ, सामाजिकीकरण गर्छ । धेरैको हितमा देखियो भने विचार समाजकै साझा सम्पत्ति बन्छ तर व्यक्तिभन्दा माथि उठ्न नसकेको विचारले सामाजिक मान्यता प्राप्त गर्दैन । राजनीतिक पार्टीको हकमा पनि यो शाश्वत हुन्छ । विचारले पार्टीको वास्तविक परिचय दिन्छ । व्यक्तिभन्दा माथि उठेर बृहत समाजको हित गर्न सक्ने विचारले धेरै जनसमुदायलाई आकर्षित गर्छ । शक्ति र नाफा-केन्द्रित विचारलाई मात्र गुन्जाइयो र मानवहितकारी शाश्वत विचारलाई दबाइयो भने कालान्तरमा समग्र समाजले पीडा भोग्नुपर्ने स्थिति आउँछ । वर्तमान सूचना तथा सञ्चार प्रविधिको युगमा जनहितकारी विचारलाई पर्याप्त ठाउँ दिने कसरत सबै सरोकारवाला पक्षले गर्नुपर्छ । यसो गर्दा समाजलाई हानि पुऱ्याउने विचार स्वतः निष्क्रिय हुँदै जान्छ । कुनै पनि पार्टीको केन्द्रीय समितिमा विविध प्रकारका विचार पेस हुन्छन् भने त्यहाँ सही मन्थन पनि हुनैपर्छ । भिन्न मतहरूको व्यवस्थापनले नै कुनै पनि लोकतान्त्रिक पार्टी गुणात्मक रूपमा रूपान्तरित हुँदै जान्छ । भिन्न मतको व्यवस्थापन गर्न नचाहने वा नसक्ने पार्टी द्वन्द्व वा विस्फोटतिर उन्मुख हुने हुँदा पार्टी छिन्नभिन्न र अन्योलग्रस्तसमेत हुन्छ । तसर्थ, वैचारिक गुणस्तरको विकास गर्न आवश्यक कसरतलाई निरन्तरता दिनु फलदायी हुन्छ ।

व्यक्ति-अभिमुख मिडिया बहसलाई नीति-अभिमुख बनाउनु जरुरी देखिन्छ । यस सम्बन्धमा, सर्वप्रथम हामीले स्वीकार्नै पर्ने हुन्छ कि नेपालमा समग्रतामा नीतिप्रधान राजनीतिको विकास अझै हुन सकेको छैन । चुनावको बेला निकालिने घोषणापत्र यसको जारीकर्ताले नै नपढेको वा सरसर्ती हेरेको भए पनि आत्मसात् गर्दै नगरेको भन्ने कुरा व्यवहारत छर्लङ्ग नै छ । त्यसैले, चुनावको बेला वितरित प्रचार सामग्रीलाई कुनै पनि पार्टीको नीति मानिहाल्न कठिन हुन्छ । यसको अतिरिक्त, सरकारको नीति र पार्टीको नीति उही कुरो हो भन्न पनि मनासिव देखिन्न । आजकाल यही अर्थ्याउन खोजिएको देखिन्छ । सरकारमा गएपछि मात्रै पार्टीले आफ्नो नीतिबारे गिदी चलाउन थाल्ने प्रथा बस्नु हुन्न । पार्टीसँग विचार र सिद्धान्तमा आधारित स्पष्ट नीति हुनुपर्छ । जस्तै, संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशितालाई वैचारिक-सैद्धान्तिक आधारशीला मान्ने हो भने सोबमोजिम कार्य रूपमा प्रामाणिक रूपमा प्रकट हुन आवश्यक पर्ने ठोस मापदण्डसहितको परीक्षणयोग्य नीति पनि सम्बन्धित पार्टीले आफ्नो केन्द्रीय समितिद्वारा पारित गर्नु आवश्यक पर्छ । त्यसका निम्ति पार्टीले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बहुसंख्यक जनताको प्रगति गर्ने वैचारिक-सैद्धान्तिक मान्यता हो भनी पुष्टि गर्ने गरी वस्तुनिष्ठ व्याख्या गर्नु बेस हुन्छ ।

नेताप्रधान राजनीतिक अभ्यासले सामाजिक मनोविज्ञानमा जरा गाडेसम्म नेतृत्वदायी राजनीतिक शक्तिलाई गुणदोषका आधारमा वस्तुगत मूल्याङ्कन गर्ने पर्याप्त क्षमताको विकास मतदातामा हुन गाह्रो पर्छ । चुनावको बेलामा वा पार्टी महाधिवेशनको बेलामा पनि नीतिबारे गहन विचारविमर्श र छलफल हुन नसकिरहेको अवस्थाले नेताप्रधान राजनीतिको झलक दिन्छ । केवल कुन नेताको व्यवस्थापन कहाँ कसरी हुने भन्ने विषय मुख्य बनिरहँदा जनहित गर्ने प्रकृतिको पोषिलो विचार र नीतिगत प्रस्ताव औपचारिक रूपमा कुन नेताबाट आयो-आएन भन्ने सबालले न्यून स्थान पाउँदा विचार तथा नीतिप्रधान राजनीतिक संस्कृतिले पोष प्राप्त गर्न सक्दैन । नीतिप्रधान राजनीतिक अभ्यासतर्फ देशलाई मोड्दा नै जनताको मनोविज्ञानमा पनि नीतिलाई प्राथमिकता दिने मनोढाँचाको निर्माण हुँदै जान्छ । त्यसैले, नेपालमा प्रधान शक्तिका रूपमा रहेका राजनीतिक पार्टीहरूले सर्वप्रथम आफ्नो वैचारिक पक्षलाई समृद्ध बनाउनु पर्छ, जसबाट राष्ट्रसमेत समृद्ध हुन सक्नेछ ।

# चटारो बैंकको



• दिपेन्द्र राउत

शनिवार सरकारी विदा हो भनेर सायदै थाहा नपाउने कमै होला । शनिवारलाई सार्वजनिक साप्ताहिक विदा र कार्यालय समय बिहान १० बजेदेखि ५ बजेसम्मको प्रचलन भिम शमसेरले चलाएको पाइन्छ । भिम शमसेरले सुरुवात गरेको साप्ताहिक विदालाई हालसम्मको सरकारले निरन्तरता दिँदै आएको छ । साप्ताहिक विदा दुई दिन दिनु पर्छ भनेर केही समय दुई दिन पनि विदा भयो तर, पछि फेरि विदा कटौती गरी हप्तामा एक दिन विदा कायम गरियो । सरकारले जनतालाई सहज सेवा दिन सकियोस् भनेर हरेक कार्यालय स्थापना गरिएको छ । जनतालाई दैनिक कार्यसम्पादन गर्न सजिलो होस् भनेर सेवामा निजामति कर्मचारीहरु रहेका हुन्छन् । सरकारको काम जनतालाई सेवा सहज पहुँच होस् भन्ने हुन्छ । तर आजभोलि सरकारी कार्यालयहरु सेवा दिनुभन्दा पनि कसरी पैसा धेरै उठाउन सकिन्छ भन्ने ध्याउन्नमा लागेको देख्दा आममानिस अचम्म छन् । साप्ताहिक विदाको दिन पनि कार्यालय खोलेर जनतालाई ट्याक्स बुझाउन कार्यालयले अपिल गरिरहेको छ । सरकारले साप्ताहिक विदा भनेपछि सरकारी कार्यालय नै खुल्ला गर्नु कति मनासिव होला । नेपाल सरकारको नीति नियममा चल्नु पर्ने बैंक वित्तीय संस्थाहरु पनि धमाधम शनिवार खुल्न थालेका छन् । कार्यालय समय बिहान १० बजेदेखि साँझ ५ बजेसम्म भनेता पनि बैंक वित्तीय संस्थाको कुनै समय सीमा रहेन । बिहान न बेलुका जुनै समय पनि बैंकका कर्मचारी ड्युटीमा देख्दा काम त यसरी पो गर्नु पर्छ या गराउनु पर्छ भन्ने जस्तै भैसकेको छ । व्यक्तिको लगानीमा संचालित बैंक तथा वित्तीय संस्थाहरुले जसरी भए पनि नाफा कमाउनु पर्यो भन्ने मान्यता बोकेका छन् । कर्मचारीलाई पेलेर काम लगाउन बैंकका संचालक लागिपरेका छन् । सबैभन्दा बढी नाफा हामी कमाउनु पर्छ भनेर कर्मचारीलाई पेलेको पाइन्छ । विचरा कर्मचारीलाई जागिर बचाउन भएपनि निर्देशन मान्नै पर्यो ।

मुलुकमा विगत एक वर्षदेखि आर्थिक संकट परेको छ । सरकारले पनि यो आर्थिक संकटलाई कम गर्न विलासिताका सामानहरुको आयातमा प्रतिवन्ध लगाएको छ । ९ महिनादेखि सवारीसाधन भित्रिएका छैनन् , सुनचाँदीलगायतका बहुमूल्य सामग्रीको आयात घटेको छ । निर्माण ठप्प छ । कुनै पनि क्षेत्रका व्यवसायीहरु सन्तुष्ट छैनन् । बैंक तथा वित्तीय क्षेत्रले लगानी नगरेको करिव एक वर्ष जति भैसक्यो । ब्यवसायीको पीडा सुनी नसक्नु छ । सात प्रतिशतमा लिएको ऋण १६ प्रतिशत भैसक्यो । उत्पादन घटेको छ । लागत बढेको छ । व्याज बढ्नाले ऋणको किस्ता पनि बढेको छ । दिन प्रतिदिन बैंकको भार बढिरहेको छ । अनि कसरी यो पाराले बैंकको किस्ता तिर्न सकिन्छ भन्ने पीडाले व्यवसायीलाई गाँजेको छ ।

उद्योगी व्यवसायी भन्छन् -बैंकले लगानी गर्दैन । बैंक भन्छ- कर्जा जोखिममा छ । ऋण लगानी गर्न गाह्रो छ । ऋणी भन्छन्- कर्जा तिर्न पैसा छैन । सहकारी भन्छ -बचतकर्तालाई भुक्तानी गर्न पैसा छैन । यो के भैरहेको छ भनेर चिया गफमा मानिस गफिदैं छन् । पुसको क्लोजिङ त सकियो अब भोलि के हुन्छ । बैंक तथा वित्तीय संस्थाले आजसम्म जसरी पनि व्याज हाल्नु एनपिए बचाउनु पर्छ नत्र लिलामीमा निक्लिन्छ भनेर फोन गर्दा कसको दिमाग खराव नभएको होला । बैंक वित्तीय संस्थाहरुले जसरी पनि नाफा कमाउनु पर्छ भन्ने मान्यता र नाफा कमाउने होडवाजीले पनि बैंक तथा वित्तीय संस्थाले ऋण असुलीमा कडाई गरेका छन् । हामीले यतिका वर्ष बैंकमा ऋण तिरियो कहिल्यै यस्तो अवस्था भएको थिएन तर, आज हामीले तीन महिना तिर्न नसक्दा बैंकले हामीलाई यति धेरै तनाव दिने भनेर भन्ने व्यवसायीहरु पनि छन् । हामीले बैंकबाट ऋण लगानी गर्न लिएका हौं । व्याजको गणना एउटा दर थियो तर, आज अर्को दर हुँदा किस्ताको मूल्य बढ्यो । व्यापार व्यवसाय घट्दो छ अनि कसरी किस्ता पुरा हाल्न सकिन्छ भन्ने भनाई व्यवसायीको छ । हाम्रो पैसा लगानीमा रहेको छ तर, आजको अवस्था हरेक लगानीमा मन्दीले गर्दा केही समस्या भएको छ भनेर व्यवसायीहरु भन्ने गर्छन् । जग्गामा लगानी गरेको थियो , कित्ताकाट बन्द । शेयर लगानी गरेको थियो ,शेयर घटेर कुन विन्दुमा आउने हो थाहा छैन । व्यापार व्यवसायमा लगानी गर्यो , व्यापार छैन । सरकारले सबैतिरबाट बन्द गरेर अनि ट्याक्स तिर , व्याज तिर भन्दा हामी व्यवसायीले कसरी तिर्ने भन्ने आवाज व्यवसायीको छ । पीडा सबैमा छ तर पनि, आज धेरै व्यवसायीको पीडाले बोझ थेग्न गाह्रो भएको छ । कोरोनाको पीडा , लकडाउनको असर , आर्थिक मन्दीको त्रास , व्यापारमा छाएको मन्दी सबै व्यवसायीले भोगिरहेका छन् । तीन वर्षदेखिको पीडाबाट अझै पनि व्यवसायी उठ्न सकेका छैनन् । बजार, मलतिर हेर्दा कयौ कोठा खाली भएका छन् । बैंकबाट ऋण लिएर बनाएको मलहरु खाली हुँदा बैंकको किस्ता तिर्न गाह्रो भएको छ । बैंकले किस्ताको तागेता गर्छ , आफ्नो भाडा उठ्दैन । व्यापार नहुँदा व्यवसायीलाई भाडा तिर्न गाह्रो । यो आर्थिक मन्दीको चक्रले सबैलाई घेरेको छ । सटर खाली छन् । व्यापार मन्दी छन् । बैंकको व्याज र किस्ताले थामी नसक्नुको पीडा भोग्नु परेको छ । लागत बढ्नाले उत्पादनमा कमी आएको छ । बजारमा छाएको मन्दीले बिक्री छैन । महंगी बढेर अकासिएको छ ।

नियमविपरित बैंक तथा वित्तीय संस्थाहरुले व्याज बढाए भनेर व्यवसायीहरु आन्दोलनमा पनि उर्त्रिए । राष्ट्र बैंकले कति बैंकलाई नियमविपरित व्याज लिएकोमा जरिवाना र व्याज फिर्ता गर्नु भन्ने निर्देशन पनि आयो भनेर हामीले समाचारमा पढ्यौं । बैंकले लिएको व्याज के फिर्ता होला र भन्ने पनि भयो तर मेरै पैसा फिर्ता आउँदा राष्ट्र बैंकको निर्देशनले काम गर्‍यो भन्ने मलाई लाग्यो ।

माघ महिनादेखि व्याज केहि प्रतिशत घट्ने भन्ने बैंकर संघको धारणा आएको छ । हामी व्यवसायी आशावादी बनौं । पुस महिना त हामीले जसोतसो काटियो अबका दिन हामी आशावादी बनौं । संयमता अपनाऔं । व्यवसायी रहे बैंक रहने हो । बैंक भनेको पानी पर्दा छाता दिने हो भन्ने भाव बैंकहरुले बोक्न जरुरी छ । जनताको लगानीबाट संचालित बैंक वित्तीय संस्था भनिरहँदा त्यहि जनतालाई पिरोल्न हुँदैन । एउटा जनता मारेर अर्को जनता खुसी बन्नु भनेको मानवता हैन । जनताकै पैसाले बनेको बैंक हो भने जनताको हित नै सर्वोपरि ठानी काम गरौं । आफू पनि बाँचौ अरुलाई पनि बचाऔं ।

# दुर्घटनामा परेका भारतका चार युवक पशुपति दर्शन गर्न आएका थिए




झापा (प्रस) । पोखरामा आइतबार भएको विमान दुर्घटनामा मारिएकामध्ये पाँच भारतीय पनि थिए । यीमध्ये चार उत्तर प्रदेशको गाजीपुरका बासिन्दा थिए र पशुपतिनाथ दर्शन गर्न काठमाडौँ आएका थिए । आइतबार पोखरा विमानस्थलनजिकै विमान दुर्घटना हुँदा ६८ जनाको मृत्यु पुष्टि भइसकेको छ । विमानमा ६८ यात्री र चालक दलका चार सदस्य सवार थिए । भारतीय पत्रिका 'द इन्डियन एक्सप्रेस' ले यी पाँचमध्ये चारजनाबारे जानकारी दिएको हो । रिपोर्टका अनुसार यति एयरलाइन्सको विमान दुर्घटनामा मारिएका पाँच भारतीयमध्ये अभिषेक कुशवाहा, विशाल शर्मा, अनिल कुमार राजभर र सोनु जैसवाल समावेश थिए । उनीहरु सबै २५ देखि ३० वर्षका थिए । उनीहरु उत्तर प्रदेशको गाजीपुर जिल्लाका बासिन्दा थिए । यद्यपि, पाँचौ मृतक सञ्जय जैसवाल थिए । पत्रिकाका अनुसार यीमध्ये सोनू जैसवालको चक जैनब र अलावलपुरमा घर थियो तर हाल उनी वाराणसीमा बस्दै आएका थिए । विशाल शर्मा पनि अलावलपुरका बासिन्दा थिए । यस्तै, राजभर चक जैनब गाउँका निवासी थिए र कुशवाहा गाजीपुरको नोनहारा इलाकाको धरवामा बस्थे । सोनू जैसवाल व्यवसायी थिए । विशाल शर्मा एक निजी कम्पनीमा काम गरिरहेका थिए । यस्तै, राजभर र कुशवाहा मिलेर गाजीपुरमा एक जन सेवाकेन्द्र चलाइरहेका थिए । सोनू जैसवालका पिता राजेन्द्र जैसवालले पत्रिकासँगको कुराकानीमा सोनू र उनकी श्रीमती तीन बच्चासहित हालै वाराणसी सिफ्ट भएका थिए । यी दुईका कान्छो छोरा १८ महिनाका छन् । राजेन्द्र जैसवालले भने, 'दुर्घटना हुँदा सोनू फेसबुकमा लाइभ गरिरहेका थिए । सोसल मिडियामा उनको विमानभित्रको एउटा भिडियो सेयर भइरहेको छ । मैले यसबारे अनुसन्धान गर्नुपर्ने छ ।' 'शनिबार मैले सोनूकी श्रीमतीलाई फोन गरेर छोराबारे सोधेको थिएँ । उनले सोनू सुरक्षित नेपाल पुगेको र छिट्टै फर्किने बताएकी थिइन् ।' यी सबै गाजीपुरवासी पशुपतिनाथ मन्दिर दर्शन गर्न काठमाडौं गएको बताइएको छ । राजेन्द्र जैसवालले द इन्डियन एक्सप्रेसलाई भने, 'सोनू लामो समयदेखि पशुपतिनाथ जाने सोचमा थिए । त्यसैले उनले आफ्ना साथीहरूसँग योजना बनाए ।' चक जैनाब गाउँपालिकाका प्रमुख विजय जैसवालले सञ्चारमाध्यममा आएको खबरबाट पीडित परिवारलाई विमान दुर्घटनाबारे थाहा भएको पत्रिकालाई बताए । परिवारले आफन्तलाई फोन गर्दा चारै जनाको मोबाइल स्वीच अफ भएको उनले बताए । चारैजना बसबाट नेपाल गएको उनले बताए । समाचार एजेन्सी पीटीआईलाई उद्धृत गर्दै पत्रिकाले चारै जना शुक्रबार काठमाडौं पुगेर पोखरामा प्याराग्लाइडिङ गर्ने योजना बनाएको जनाएको छ । दक्षिणी नेपालको सर्लाही जिल्लाका अजय कुमार शाहले पीटीआईलाई भने, 'हामी सबै एउटै गाडीमा आएका थियौं । उनीहरु पोखराबाट गोरखपुर हुँदै भारत फर्कने योजनामा थिए ।'

# भूकम्प सुरक्षा दिवसमा कार्यक्रम स्थगित

झापा(प्रस) । राष्ट्रिय भूकम्प सुरक्षा दिवसमा औपचारिक कार्यक्रम भएन । पोखरामा भएको विमान दुर्घटनाको शोकमा सोमबार सार्वजनिक बिदा दिइएकाले राष्ट्रिय भूकम्प सुरक्षा दिवस मूल समारोह स्थगित गरिएको छ । वि.सं १९९० माघ २ गते विनाशकारी भूकम्प गएको सम्झनामा सोमबार देशभर विभिन्न कार्यक्रम आयोजना गरी २५औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउने तयारी थियो । सरकारले राष्ट्रिय शोक घोषणा गरी बिदा दिएकाले प्रधानमन्त्री, गृहमन्त्रीलगायत सहभागी हुने कार्यक्रम स्थागित गरिएको प्रचारप्रसार उपसमितिको सदस्यसचिव रहेका भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल (एनसेट) का कार्यकारी निर्देशक सूर्यनारायण श्रेष्ठले जानकारी दिए ।




'भूकम्प सुरक्षित पूर्वाधार, सुरक्षित जीवनको आधार' नाराका साथ दिवस मनाउने तयारी भएको थियो। २०५५ देखि माघ २ गतेलाई राष्ट्रिय भूकम्प सुरक्षा दिवसका रूपमा मनाउन थालिएको हो । भविष्यमा आउनसक्ने भूकम्पका बारेमा जनचेतना जगाउने उद्देश्यले सरकारले यो दिवस मनाउन सुरु गरेको थियो । सोमबार स्थगित गरिएको कार्यक्रम एक साताभित्र गरिने जनाइएको छ । भूकम्पबाट सुरक्षित हुन जागरण फैलाउने उद्देश्यले मंगलबारदेखि प्रदर्शनी आयोजना गरिने जनाइएको छ ।

दिवसका अवसरमा विभिन्न संस्थाले पुस १५ गतेदेखि नै जनचेतना जगाउने किसिमका कार्यक्रमको आयोजना गरिरहेका छन्।

# साकिराले पूर्वप्रेमी पिकेबारे बनाएको गीतले बनायो युट्युबमा रेकर्ड

एजेन्सी । कोलम्बियन गायिका साकिराको नयाँ गीतले युट्युबमा नयाँ रेकर्ड बनाएको छ ।

आफ्ना पूर्वप्रेमी फुटबल खेलाडी जेरार्ड पिकेको व्यवहारबारे उनले तयार गरेको गीतले 'युट्युब भ्युज'मा रेकर्ड बनाएको हो । एक दशकसम्म प्रेम गरेको पूर्वप्रेमी पिकेले दिएको धोखाको विषय समेटेर साकिराले तयार गरेको गीतले युट्युबमा रिलिज भएको २४ घण्टामा ६३ मिलियन भ्युज पाएको छ । उक्त समयमा



ल्याटिन गीतले पाएको यो सबैभन्दा बढी भ्युज हो । सन् २०२२ मा ४५ वर्षीया साकिराले ३५ वर्षीय पिकेसँगको १० वर्ष लामो प्रेम सम्बन्धलाई टुंग्याएकी थिइन् । उनीहरुको दुई बच्चासमेत भएको बीबीसीले लेखेको छ ।

चार मिनेटको पप गीतमा पहिलोपटक साकिरा र अर्जेन्टिनाका निर्माता तथा डीजे बिजरापले सहकार्य गरेका छन् । साकिरा युट्युब रेकर्डहरू तोड्ने ल्याटिन कलाकारहरूको प्रतिष्ठित सूचीमा सामेल छिन्, जसमा जे बाल्भिन, लुइस फोन्सी र डेडी यान्कीलगायत रहेका छन् । यो ब्रेकअपको बारेमा उनको पहिलो गीत भने होइन । उनले तीन महिनाअघि पनि बदला भावको एक हृदय विदारक गीत गाएकी थिइन् । उक्त गीतमा साकिराले पिकेको नयाँ कथित २३ वर्षीया नयाँ प्रेमिकाको बारेमा गाएकी छन् ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580


सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोविन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

| | |
|---|---|
| मेष | आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ । |
| वृष | कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| मिथुन | यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् । |
| कर्कट | शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ । |
| सिंह | परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ । |
| कन्या | आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ |
| तुला | झिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ । |
| वृश्चिक | आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । |
| धनु | धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने |
| मकर | आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन । |
| कुम्भ | मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ । |
| मिन | दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ । |